नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

# शहरी विकास तथा भवन निर्माण विभाग

बबरमहल, काठमाण्डौ, नेपाल

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

२०८३ वैशाख देखि २०८३  असार मसान्तसम्मको अद्यावधिक सूचना

सूचना सार्वजनिक गर्ने निकायको नामः **शहरी विकास तथा भवन निर्माण विभाग**

# शहरी विकास तथा भवन निर्माण विभाग

**पृष्ठभूमि :**

२००७ साल अगाडि राणाकालमा "बनाउने अड्डा" को नाममा स्थापना भएको यो विभाग २००७ देखि २०१९ साल सम्म नेपाल सरकारको तत्कालीन निर्माण तथा यातायात मन्त्रालय अन्तर्गत स्थापित सडक र भवन दुई खण्ड मध्ये भवन सम्बन्धि कार्य गर्ने गरि “सार्वजनिक निर्माण विभाग” को नाममा र सो पश्चात २०१९ सालमा भवन विभाग, भद्रकाली र त्यस पश्चात बबरमहल सेतो भवन- विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना, दक्षिणकाली को रुपमा रुपान्तरित भएको थियो । २०२० साल मा “भवन विभाग” को नाममा स्थापना भएको यस विभाग मार्फत आर्थिक वर्ष २०२७/२८ देखि अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्दै योजनाबद्ध रूपमा शहरी विकास गर्ने तर्फ नेपाल सरकारको ध्यान आकृष्ट भै त्यस क्षेत्रमा राज्यको स्रोत र साधन समेत परिचालित गरियो। दिनानुदिन बढ्दो शहरीकरणलाई व्यवस्थित गर्ने सिलसिलामा वि.सं. २०२८ सालमा प्रथम पटक काठमाडौंको भौतिक विकास योजना तयार पारी उक्त योजना अनुरूप साविकको भवन विभागको नाम परिवर्तन गरी आवास, भवन तथा भौतिक परियोजना विभाग नामकरण गरी साविकमा गरिआएको कामका अतिरिक्त आवास तथा शहरी विकास सम्बन्धी कामहरू समेत तोकिएको थियो ।

क्षेत्रीय विकास केन्द्रको अवधारणा अनुरूप क्षेत्रीय केन्द्रको रूपमा रहेको धनकुटा, काठमाण्डौ, पोखरा र सुर्खेतको विकासको लागि भौतिक योजना कार्यान्वयन ऐन २०२९ को व्यवस्था समेत गरियो । यसको अतिरिक्त विराटनगर, सिद्धार्थनगर, नेपालगञ्ज र महेन्द्रनगर जस्ता नगरपालिकाहरू र शहरका रूपमा विकास तथा विस्तार हुन सक्ने अन्य सदरमुकामहरू र कोहलपुर जस्ता स्थानहरूमा व्यवस्थित रूपमा शहरी विकास गर्न आवश्यक भौतिक विकास योजना तयार पारी कार्यान्वयन गर्न नेपाल सरकारको स्रोत र साधन प्रयोग गरिने व्यवस्था गरियो । यी सम्पूर्ण कार्य गर्ने जिम्मेवारी पनि आवास, भवन तथा भौतिक परियोजना विभागलाई दिइएको थियो ।

नेपाल सरकारले वि.सं. २०४४ मा सुरक्षित आवास तथा व्यवस्थित शहरीकरण कार्यक्रमको महत्त्वलाई मनन गरी यो कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था गरी मार्गदर्शन समेत दिनका लागि आवास तथा भौतिक योजना मन्त्रालय नामको एउटा छुटै मन्त्रालयको गठन भयो। आवास तथा शहरी विकासको बढ्दो महत्त्वतालाई दृष्टिगत गरी नेपाल सरकारको २०४५ साल श्रावण २६ गतेको निर्णयले आवास, भवन तथा भौतिक परियोजना विभागबाट आवास तथा शहरी विकास सम्बन्धी कार्य झिकी सो कार्य गर्न छुट्टै केन्द्रीय स्तरमा आवास तथा शहरी विकास विभाग र क्षेत्रीय स्तरका ५वटा क्षेत्रीय निर्देशनालयको गठन समेत गरियो।

क्षेत्रीय निर्देशनालयहरू र जिल्लास्थित कार्यालयहरू भवन विभाग र आवास तथा शहरी विभागको संयुक्त नियन्त्रण रहेको कारण कार्य सञ्चालन तथा सम्पादनमा समस्या परेको बुझी २०५० सालमा संस्थागत संरचनाको पुनः संरचना गरी नेपाल सरकारले तत्काल कायम हुन आएको ४ क्षेत्रीय निर्देशनालय र दीपायल स्थित १ क्षेत्रीय निर्देशनालय इकाइ कार्यालय आवास तथा शहरी विकास विभाग अन्तर्गत र जिल्लास्थित कार्यालयहरू भवन विभाग अन्तर्गत रहने व्यवस्था गरी जिल्ला शहरी विकास योजना कार्यान्वयन गर्न र नगर

विकास समितिको सदस्य सचिवको रूपमा काम गर्न जिल्लास्थित जिल्ला भवन कार्यालयका प्रमुखलाई तोक्न सकिने व्यवस्था समेत गर्यो ।

जिल्ला स्तरमा सरकारी भवन निर्माण सम्बन्धी कार्य नगण्य रूपमा हुने र भएका निर्माणसम्बन्धी काम पनि ती सरकारी निकायहरूले आ-आफ्नो छुट्टै इञ्जिनियरिङ्ग इकाइ खडा गरी वा कन्सल्टेण्ट नियुक्त गरी गराउने परिपाटी सुरु गरेको कारण जिल्ला कार्यालयहरूको संलग्नतमा भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणमा भन्दा बढ्दो शहरीकरणबाट उत्पन्न समस्यालाई निराकरण गरी व्यवस्थित शहरीकरणको माध्यमबाट त्यस क्षेत्रमा विकासका पूर्वाधार विकास गरी रोजगारीका नयाँ अवसर सृजना गर्ने, पर्यावरणीय सन्तुलन कायम गरी उचित तथा व्यवस्थित बसोबासको व्यवस्था गर्ने, उचित प्रविधिको अनुसन्धान तथा विकास गर्ने, निर्माणसम्बन्धी नीति, नियम र मापदण्डको विकास गर्ने जस्ता कार्यमा संलग्न गराउन सकेमा जिल्लास्थित कार्यालयहरूको उपादेयता बढ्ने र व्यवस्थित शहरी विकास र आवास योजना कार्यान्वयनमा सहयोग पुग्न जाने भएकाले नेपाल सरकार (म.प.)को मिति २०५४ असार ५ गतेको निर्णयानुसार २०५४ साल श्रावण १ गतेदेखि लागु हुने गरी भवन विभाग अन्तर्गतको काठमाण्डौ र ललितपुर बाहेकका ७३ जिल्ला भवन कार्यालय यस विभाग अन्तर्गत आई ६९ वटा आवास तथा शहरी विकास कार्यालयमा परिणत भएका थिए ।

यसै क्रममा व्यवस्थित आवास तथा शहरी विकास एवं उपयुक्त भवन निर्माणसम्बन्धी कार्यको दोहोरोपन हटाई एउटै निकाय मार्फत् अगाडि बढाउने उद्देश्यले समान उद्देश्य र कार्यक्षेत्र एवं जनशक्ति भएका साविकका भवन विभाग र आवास तथा शहरी विकास विभागलाई नेपाल सरकार (मन्त्री परिषद्) को मिति २०५७/३/२६ को निर्णयानुसार एकीकृत गरी यस शहरी विकास तथा भवन निर्माण विभागको स्थापना भएको हो । यस विभाग मातहतमा ५ क्षेत्रीय निर्देशनालयहरू, विशेष भवन निर्माण सम्भार डिभिजन र ६८ जिल्ला शहरी विकास तथा भवन निर्माण कार्यालयहरू रहेकोमा नेपाल सरकारको खर्चलाई वाञ्छित सीमाभित्र ल्याई सार्वजनिक खर्च कटौती गर्ने एवं विद्यमान सङ्गठनलाई प्रभावकारी बनाउने उद्देश्यले नेपाल सरकार (म.प.)को मिति २०५८/८/२१ को निर्णयानुसार विभागको पुनःसंरचना गरी साविकका जिल्ला कार्यालयहरूको बदला १ भन्दा बढी जिल्ला कार्य क्षेत्र रहने गरी २५ वटा डिभिजन कार्यालय र १ भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको स्थापना भै तदनुरूप कार्य सञ्चालन हुँदै आएकोमा विभागलाई थपिएको वृहत जिम्मेवारीका कारण भैरहेकै जनशक्तिबाट ती थप कार्य पनि सम्पादन गर्नु पर्ने अवस्थालाई दृष्टिगत गरी नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी मौजुदा सङ्गठन संरचनामा कार्य बोझ कम भएका स्थानबाट दरबन्दी विभागमा सारी विभागको दरबन्दीलाई हेरफेर गरी नेपाल सरकारको मिति २०६२/१२/१५ को निर्णयानुसार सङ्गठनको पुनःसंरचना गरी कार्य सञ्चालन भएको थियो । तत्पश्चात २०७२ सालको नेपालको संविधान मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना भए अनुसार को संघिय संरचनमा लाइ आत्मसाथ गर्दै आ.व ८०/८१ सम्ममा विभिन्न ७ वटा संघिय आयोजना कार्यन्वयन ईकाई, १३ वटा सघन शहरी तथा भवन निर्माण आयोजना, बुटवल सभाहल तह प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन ईकाई तथा केन्द्रीय स्तरमा रहेका आयोजना कार्यालयहरु बाट कार्य संचालन भएको छ ।

## संस्थागत कार्यक्षेत्र तथा उद्देश्य

**विभागको कार्यक्षेत्र:-**

**आवास तथा वस्ती विकास:-**

- **सुरक्षित नागरिक आवास कार्यक्रम**
    - गरिबीको रेखामुनी रहेका आगलागी तथा हावा, पानीबाट सुरक्षित राख्न पराल वा खरको छाना मुनी भएका गरिवीको रेखामुनी रहेका घर परिवारलाई जस्तापाताको छानामुनी ल्याउन वित्तीय अनुदान उपलब्ध गराउने । हाल सम्म कुल स्वीकृत २,१४,२३० आवास संख्या मध्ये १,५०,१२० संग सम्झौता भई ९२,९८८ आवासको कार्य सम्पन्न भएको छ। **(स्थानीय तहमा आ.व २०७६/७७ देखि वित्तीय हस्तान्तरण भएको)**




- **जनता आवास कार्यक्रम**
    - राष्ट्रिय दलित आयोगको सूचीमा सूचीकृत दलित, विपन्न मुसलमान तथा लोपोन्मुख र अति सिमान्तकृत जाति तथा समुदायका विपन्न वर्गलाई आवासको व्यवस्था गर्ने। जम्मा स्वीकृत ५५,९७० आवास संख्या मध्ये संघबाट आ.व. ७४/७५ सम्म १७,०३९ आवास संख्या सम्पन्न भै आ.व ७५/७६ देखि ७९/८० सम्ममा प्रदेशबाट १९,२८६ आवास निर्माण भएको । **(प्रदेश तहमा आ.व. २०७५/७६ देखि ३८,९३१ आवास संख्या सहित वित्तीय हस्तान्तरण भएको)**

- **वस्ती विकास कार्यक्रम**
    - ७ वटै प्रदेशमा वस्ती विकास कार्यक्रम अन्तर्गत व्यवस्थित वस्तीको लागि पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्य गर्न।
    - जोखिमयुक्त वस्ती स्थानान्तरण को कार्य ।
    - व्यवस्थित बसोबासको लागि जग्गा विकास कार्यक्रम संचालन
    - सम्पदा वस्तीको अभिलेखीकरण एवं प्रवर्धन

**शहरी विकास:-**

**४. सघन शहरी विकास कार्यक्रम**

- सघन शहरी विकास कार्यक्रम अन्तर्गत क्रमागत ११४ वटा नगरपालिकामा एकीकृत शहरी पूर्वाधार निर्माण
- सघन शहरी विकास कार्यक्रम अन्तर्गत आ.व. २०८२/८३ मा थप ३८ नयाँ नगरपालिकामा एकीकृत शहरी पूर्वाधार निर्माण

**५. नयाँ शहर आयोजना**

- मध्य पहाडी लोकमार्ग आसपासका विभिन्न शहरहरूमा शहरी पूर्वाधार निर्माण कार्य

- नेपाल सरकार/ मन्त्रालयको विभिन्न मितिको निर्णयबाट शहरहरूको संख्या १०+२ बाट ५४ पुगेको ।

**६. शहरी कोरिडोर आयोजना**

- क्षेत्रीय शहरी विकासको अवधारणा अनुसार शहरी आर्थिक कोरिडोरहरुमा शहरी पूर्वाधार सुधारका लागि अध्ययन गरी शहरी पूर्वाधार विकास गर्ने

**७. क्षेत्रीय शहरी विकास आयोजना (RUDP) - (सन् २०१७ देखि सन् २०२७)**

- नेपाल सरकार र एशियाली विकास बैंकबिचको ऋण संझौता अनुसार :
  - धनगढी,गोदावरी,भिमदत्त र शुक्लाफाँटा न.पा.मा शहरी पूर्वाधार निर्माण
  - विराटनगर, विरगन्ज, शिद्धार्थनगर र नेपालगन्जमा शहरी पूर्वाधार निर्माण

**८. शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) - (सन् २०२४ देखि सन् २०२९)**

- नेपाल सरकार र एशियाली विकास बैंकबिचको ऋण संझौता अनुसार :
  - पोखरा महानगरपालिका, जनकपुर महानगरपालिका, देवदह न.पा., लुम्बिनी सांस्कृतिक न.पा., सिद्धार्थनगर न.पा., तिलोत्तमा न.पा.र सैनामैना न.पा.मा शहरी पूर्वाधार निर्माण

**९. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) - (सन् २०२० देखि सन् २०२६)**

- नेपाल सरकार र विश्व बैंक विचको ऋण संझौता अनुसार :
  - १७ वटा नगरपालिकाहरुमा शहरी पूर्वाधार निर्माण (बागलुंग, विर्तामोड, दमक, धनकुटा, इटहरी, मेचीनगर, पोखरा, पुतलीबजार, राजविराज, रामग्राम, शुक्लागण्डकी, सुन्दरहरैंचा, तानसेन, तिलोत्तमा, त्रियुगा, उर्लाबारी, व्यास)
  - १२ वटा नगरपालिकाहरुमा क्षमता अभिवृद्धि कार्यक्रम संचालन (अमरगढी, भिमेश्वोर, गोलबजार, हरिवन, कावासोती, लमही, लम्किचुहा, मुसिकोट, फलेवास, फिदिम, सन्धिखर्क, भेरी)

**१०. भानु साहित्य उद्यान विकास आयोजना**

- आ.व. २०८२/८३ बाट सुरु गरिने आदिकवि भानुभक्त आचार्यको जन्मस्थलमा भानु साहित्य उद्यानको पूर्वाधार निर्माण

<u>भवन तथा वास्तुकला:-</u>

**११. राष्ट्रिय भवन संहिता कार्यान्वयन र भवन निर्माण**

- संघीय सरकारी कार्यालय भवनहरूको निर्माण
- अन्तर्राष्ट्रिय सभाहल, भ्यू टावर, बहुउद्देश्यीय सभाहल लगायतका विशिष्ट प्रकारको संरचना भएका सार्वजनिक भवनहरु निर्माण गर्ने
- राष्ट्रिय भवन संहिता कार्यान्वयनका लागि संघ, प्रदेश तथा स्थानीय तहको प्राविधिक दक्षता वृद्धि गरिने।

## १२. विशेष भवन निर्माण आयोजना

- संघीय संसद भवन निर्माण
- भैसेपाटी स्थित मन्त्री निवास निर्माण
- सिंहदरवारको ग्यालरी बैठक भवनको रेट्रोफिटिङ्ग
- चण्डीदल गणका लागि भवन निर्माण
- श्री महल भवनको पुनःनिर्माण

## १३. संघीय सरकारी कार्यालय भवन मर्मत संभार


- संघीय सरकार अन्तर्गतका संघीय सरकारी कार्यालय भवन मर्मत सुधार

**पुनर्निर्माण तथा पुनर्स्थापना/प्रवालिकरणः-**

- सम्पदा तथा विशिष्टीकृत संरचना पुनर्निर्माण
- विपद व्यवस्थापन तथा भवन प्रवलिकरण
- गुणस्तर परिक्षण
- भूकम्प पश्चात क्षतिग्रस्त भएका सरकारी कार्यालय, स्वास्थ्य संस्थाको भवन पुनःनिर्माण, वस्ती विकास र सम्पदा संरक्षण तथा जीर्णोद्धार,

अनुसूची १.५

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभागको संगठन संरचना**




**नोट :**
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन र आवास) को बाँकी कार्य हेर्ने गरी विभागमा १ महाशाखा र ३ शाखा प्रस्ताव गरिएको ।
संघीय शहरी विकास तथा भवन निर्माण सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौ १ वटा - १७ जना र संघीय शहरी विकास आयोजना कार्यालयहरु - ६ वटामा - ८० जना गरी ९७ जना प्रस्ताव गरिएको ।
हाल स्थायी दरबन्दीतर्फ ४२१ रहेकोमा जम्मा ३७६ प्रस्तावित गरिएको ।

## महाशाखागत/शाखागत कार्यविवरण

### (१) आवास महाशाखा

संघीय सोच अनुसार यस महाशाखाबाट मुख्य रूपमा विशिष्ट र लक्षित वर्गको आवास विकासमा सहयोग र बहुतले भवन नियमन पुऱ्याइने छ । साथै उक्त महाशाखाबाट आवास शाखा, योजना, अनुगमन तथा विकास सहायता शाखा, खरिद, विवाद व्यवस्थापन तथा अभिलेख शाखा र संयुक्त तथा बहुतले भवन नियमन शाखाको कार्य गर्ने गरी ४ वटा शाखाहरू रहने गरी महाशाखाको पुनर्संरचनाको प्रस्ताव पेश गरिएको छ । शहरी विकासमा योजना पहिचान तथा कार्यान्वयन गर्न र शहरी क्षेत्रको थिंक ट्याङ्कको रूपमा योगदान पुऱ्याउने उद्देश्यले शहरी विकास महाशाखा अन्तर्गत रहेको आयोजना बैंक इकाईलाई यस महाशाखा अन्तर्गत प्रस्ताव गरिएको छ । यसले प्रोजेक्ट बैङ्कको रूपमा कार्य गर्ने र शहरी क्षेत्रमा संघीय लगानीका आयोजना पहिचान गर्ने उद्देश्य राखिएको छ ।

संयुक्त तथा बहुतल्ले आवासको मापदण्ड र नियमनका लागि संघीय रूपमा योगदान पुऱ्याउन संयुक्त तथा बहुतल्ले भवन नियमन शाखा प्रस्ताव गरिएको छ । यस महाशाखाका अन्य कार्यहरू बुँदागत रूपमा निम्न रहेका छन् ।

- लक्षित वर्ग तथा अन्य आवास सम्बन्धी नीति, कार्यक्रम तथा मापदण्ड सम्बन्धी,
- विभागको कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकायसँग समन्वय गरी योजनाको तर्जुमा सम्बन्धी,
- वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूमा समन्वय सम्बन्धी,
- विभागको खरिद व्यवस्थापन सम्बन्धी,
- कार्यक्रमको प्रगति अनुगमन, मूल्याङ्कन र अभिलेखीकरण सम्बन्धी,
- कार्यक्रम कार्यान्वयनका समस्या समाधान गर्न विभाग र अन्तर्गतका निकाय बिच समीक्षा, छलफल तथा अन्तरक्रिया सम्बन्धी ।

उपरोक्त कार्यहरू सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरू राखिएका छन् ।

### (२) शहरी विकास महाशाखा

राष्ट्रिय शहरी नीतिले निर्धारण गरेका शहरीकरण सम्बन्धी उद्देश्यहरू प्राप्त गर्न, प्रदेश र स्थानीय तहसँग भौतिक योजनाको समन्वय, पूर्वाधार लगानीमा पहिचान र कार्यान्वयन, शहरी तथ्याङ्कहरूको सङ्कलन तथा विश्लेषण र शहरी वातावरण तथा जलवायु परिवर्तनका नयाँ शहरी आयामहरूमा योगदान पुऱ्याउन तत्सम्बन्धी शाखाहरू प्रस्ताव गरिएका छन् ।

यस महाशाखा अन्तर्गत ४ वटा शाखाहरू भौतिक योजना शाखा, दिगो विकास तथा वातावरण शाखा, भू—तथ्याङ्क तथा सूचना प्रविधि शाखा र शहरी पूर्वाधार विकास शाखा प्रस्ताव गरिएको छ । यस महाशाखाका अन्य कार्यहरू बुँदागत रूपमा निम्न रहेका छन् ।

- बस्तीहरूको भौतिक विकास योजना र शहरी पूर्वाधार विकास नीति मापदण्ड र समन्वय सम्बन्धी,
- शहरी वातावरण र जलवायु अनुकूलन सम्बन्धी,
- शहरी तथ्याङ्क तथा भू—सूचना र आयोजना बैंक सम्बन्धी,
- विशिष्ट शहरी पूर्वाधार लगानीको पहिचान, तयारी, कार्यान्वयन, अनुगमन नियमन गर्ने,
- सङ्घ, अन्तर प्रदेश र अन्तर स्थानीय तहको भौतिक विकास तथा शहरी पूर्वाधार सम्बन्धी आवश्यक कार्य गर्ने ।

उपरोक्त कार्यहरू सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरू राखिएका छन् ।

### (३) भवन महाशाखा

सङ्घीय तहमा निर्माण हुने भवनहरूलाई सुरक्षित, किफायत एवं वातावरण मैत्री बनाई स्थानीय वास्तुकला समेत प्रवर्धन गर्ने मुख्य उद्देश्य यस महाशाखाको हुनेछ । राष्ट्रिय भवन संहिताको समयानुकूल परिमार्जन गरी यसको कार्यान्वयन, मूल्याङ्कन एवं नियमन गर्ने मुख्य दायित्व यस महाशाखाको हुनेछ । यस महाशाखा अन्तर्गत भवन डिजाइन तथा सर्भिसेज शाखा, मर्मत मूल्याङ्कन तथा मापदण्ड शाखा, भवन संहिता शाखा र स्वास्थ्य भवन शाखा गरी ४ वटा शाखा हुने गरी पुनर्संरचनाको प्रस्ताव गरिएको छ । यस महाशाखाका अन्य कार्यहरू बुँदागत रूपमा निम्न रहेका छन् ।

- विभागको उद्देश्य अनुरूप भवन निर्माण सम्बन्धी नीति, मापदण्ड, निर्देशिका र कार्यविधि तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय भवन संहिता परिमार्जन र कार्यान्वयन तथा अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी,
- सरकारी भवनहरूको डिजाइन, लागत अनुमान तयार गर्ने गराउने सम्बन्धी,
- अनुरोध भई आएमा अन्य सरकारी निकायलाई भवन निर्माण सम्बन्धी प्राविधिक सहयोग सम्बन्धी,
- भवन ऐन अनुसार विभागलाई तोकिएको जिम्मेवारी निर्वाह गर्ने सम्बन्धी,
- अन्य निकायबाट अनुरोध भई आएमा निर्माण गरिने भवन राष्ट्रिय भवन संहिताका प्रावधान अनुरूप भए नभएको सिफारिस सम्बन्धी,
- नियमित रूपमा सरकारी भवनहरूको लगत, मर्मत तथा मूल्याङ्कन सम्बन्धी,
- अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरका ठुला सभाहल, स्तम्भ तथा भ्यु टावर निर्माण सम्बन्धी,
- स्वास्थ्य, भन्सार र श्रम भवन निर्माण सम्बन्धी,
- भवन सर्भिसेज सम्बन्धी,
- प्रकोप पश्चात्को पुनर्निर्माण सम्बन्धी,
- ठुला पुरातात्त्विक सम्पदाहरूको प्रबलीकरण सम्बन्धी

उपरोक्त कार्यहरू सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरू राखिएका छन् ।

### (४) पुनर्निर्माण तथा प्रबलीकरण महाशाखा

नेपाल विश्वमा विपद्का सम्बन्धमा ११ औं स्थानमा रहेको देश हुनाले विभिन्न समयमा विभिन्न प्राकृतिक प्रकोपको सामना गर्दै आइरहेको छ । भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता विपद्बाट प्रभावित, विस्थापित परिवारका लागि अस्थायी साथै स्थायी आवास व्यवस्थापनका लागि सदैव तयारी अवस्थामा र विपद् प्रतिरोधी संरचना निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेको र संरचनागत हिसाबले समेत तयारी अवस्थामा रहन साथै राज्यलाई आवश्यक पर्ने विभिन्न विशिष्टिकृत संरचना जस्तै संसद् भवन, प्रादेशिक राजधानी शहरमा आवश्यक पर्ने संरचना, ठुला र अन्तर्राष्ट्रिय स्तरका सभा सम्मेलन भवन, मन्त्रीक्वाटर, विशिष्ट व्यक्तिहरूलाई आवश्यक पर्ने कार्यालय तथा आवास भवनहरू साथै सर्वोच्च अदालत जस्ता भवन निर्माण गर्न समेत एक छुट्टै दक्ष, अनुभवी र जिम्मेवार रूपमा दायित्व बहन गर्न सक्ने गरी संरचना आवश्यक पर्ने भएकोले एक छुट्टै महाशाखा पुनर्निर्माण तथा प्रबलीकरण महाशाखाका रूपमा स्थापना गर्नु अपरिहार्य भइसकेको छ । यो महाशाखा स्थापना भएपश्चात् साबिकको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण हाल यस विभाग अन्तर्गत रहेको केन्द्रीय आयोजना कार्यान्वयन इकाई ९भवन र आवास० को अनुभव, प्राप्त उपलब्धि, विपद् सामना गर्न साथै सुरक्षित आवास निर्माण, सम्पदा भवन निर्माण तथा बस्ती निर्माणमा भएको प्रगतिलाई अभिलेखीकरण गर्दै ज्ञान हस्तान्तरण सहित दक्ष विज्ञ जनशक्तिलाई सूचिकृत गर्दै विपद्का समयमा उपयोग गर्न समेत यस महाशाखाको आवश्यकता महसुस भएको छ । यस महाशाखा कार्यहरू बुँदागत रूपमा निम्न रहेका छन् ।

- स्वास्थ्य संस्थाको पुनर्निर्माण सम्बन्धी,
- पुरातात्त्विक तथा ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माण सम्बन्धी,
- सरकारी भवन पुनर्निर्माण तथा प्रबलीकरण,
- निजी आवासको संरक्षण, संवर्द्धन एवं प्रबलीकरण सम्बन्धी कार्य
- विभाग मातहतका कार्यालयबाट भएका निर्माण कार्यहरूको गुणस्तर परीक्षण ।

उपरोक्त कार्यहरू सम्पन्न गर्नका लागि यस महाशाखा अन्तर्गत विभिन्न शाखाहरू राखिएका छन् ।

**(५) शहरी विकास तथा भवन निर्माण विभाग (पुल)**

राष्ट्रिय महत्वका शहरी विकासका आयोजनाहरूलाई मूल प्रवाहीकरण गर्न आयोजनागत लगानी गर्नुपर्ने आवश्यकता हुन्छ । दिगो विकास लक्ष्य लगायत नेपालले अन्तर्राष्ट्रिय विकास मञ्चमा जनाएका प्रतिबद्धता अनुसार लक्ष्य हासिल गर्न अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरूले निरन्तर रूपमा शहरी विकास, आवास तथा भवनको क्षेत्रमा निरन्तर रूपमा आयोजनागत लगानी गरिरहेका छन् । यस्ता अन्तर्राष्ट्रिय दीर्घकालीन वैदेशिक सहयोगमा सञ्चालन भइरहेका तथा प्रस्तावित आयोजनाहरू, नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भई कार्यान्वयन गर्न दिइएका ठुला एवं विशिष्ट प्रकृतिका आयोजनाहरू जस्तै सङ्घीय संसद् भवन, ५००० क्षमताको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, स्टेट गेष्ट हाउस निर्माण, सङ्घीय मन्त्रीहरूको लागि आवास निर्माण, काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन स्थल निर्माण, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को सदरमुकाम र समग्र जिल्लाको पूर्वाधार विकास निर्माण, रोल्पा र रुकुम (पूर्व) को पूर्वाधार विकास निर्माण लगायतका आयोजनाहरू सञ्चालन गर्न र नेपाल सरकारको लगानीमा सञ्चालन भइरहेका र हुने नयाँ शहर लगायत अन्य आयोजनामा केन्द्रबाट योजना तर्जुमा, सहजीकरण र कार्यान्वयनको कार्य समेत गर्नुपर्ने भएकोले थप जनशक्तिको आवश्यकता महसुस गरी पुल दरबन्दी प्रस्ताव गरिएको छ । एसियाली विकास बैङ्क, विश्व बैङ्क र एसियाली पूर्वाधार लगानी बैङ्कका अतिरिक्त राष्ट्रिय महत्वका ठुला आयोजनाहरूमा आयोजना निर्देशक, उपनिर्देशक र व्यवस्थापकहरू आपूर्ति हुनेछ ।

**(क) प्रशासन शाखा**

प्रशासन शाखालाई महानिर्देशक अन्तर्गत रहने गरी प्रस्ताव गरिएको छ । यसको प्रमुख जिम्मेवारी निम्नानुसार रहेको छ ।

- विभागबाट हुने सम्पूर्ण प्रशासनिक कार्यहरू सम्पादन गर्ने तथा कार्यालयहरूको प्रशासनिक कार्यहरूको समन्वय गर्ने,
- विभाग र अन्तर्गतका कर्मचारीहरूको नियुक्ति, बिदा, काज, सरुवा, बढुवा, तालिम, प्रोत्साही पुरस्कार, छात्रवृत्ति, विभागीय कारबाही लगायतका प्रशासनिक कार्यहरू सम्पादन गर्ने÷निर्णयका लागि रायसाथ पेश गर्ने,
- विभागको निरीक्षण, पालोपहरा, सरसफाइ, सवारी साधनको व्यवस्था आदि कार्यहरू गर्ने गराउने,
- विभागमा माग भई आएका प्रशासनिक राय, सल्लाह, सुझाव तथा निर्देशनहरू सम्बन्धित निकायलाई उपलब्ध गराउने,
- आवश्यकता अनुसार विभाग र अन्तर्गतका कार्यक्रम र कर्मचारीहरूको अनुगमन गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरूको सम्पूर्ण प्रशासनिक कार्यहरूको अनुगमन समन्वय र निर्देशन गर्ने,
- विभागको आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन सम्बन्धी कार्य सम्पादन गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार विभागीय प्रमुख समक्ष पेश गर्ने ।
- कर्मचारी प्रशासनको निर्णयको क्रममा विभागीय प्रमुखलाई राय उपलब्ध गराउने ।
- शाखालाई तोकिएका कार्यहरूका अतिरिक्त कुनै पनि शाखाले सम्पादन गर्ने भनी किटानी गरिएका भन्दा बाहेक सम्पूर्ण कार्य गर्ने ।

### (ख) आर्थिक प्रशासन शाखा

आर्थिक प्रशासन शाखालाई महानिर्देशक अन्तर्गत रहने गरी प्रस्ताव गरिएको छ । यसको प्रमुख जिम्मेवारी निम्नानुसार रहेको छ ।

- विभागको आर्थिक—वित्तीय प्रशासन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- आयोजना र कार्यक्रमहरूको आवधिक विवरण तथा फाँटवारीहरू तयारी सम्बन्धी कार्य गर्ने,
- स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरूका लागि आवश्यक साधारण बजेट तयारी सम्बन्धी कार्य गर्ने,
- विभाग र अन्तर्गतका सञ्चालन हुने आयोजना र कार्यक्रमहरूको पुँजीगत बजेट तयारीका क्रममा योजना शाखासँग समन्वय सम्बन्धी कार्य गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरूका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट चालु र पुँजीगत बजेट निकासा आर्थिक कारोबार गर्ने, स्रेस्ता राख्ने र नियमित रूपमा प्रतिवेदन तयारी सम्बन्धी कार्य गर्ने,
- आन्तरिक तथा अन्तिम लेखा परीक्षण सम्बन्धी कार्य गर्ने,
- महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएका बेरुजु तथा पेश्की फछ्र्यौट सम्बन्धी कार्य गर्ने,
- रकमान्तर सम्बन्धी कार्य गर्ने,
- विभागीय प्रमुख र महाशाखा प्रमुखलाई आर्थिक प्रशासनको निर्णयमा राय प्रतिक्रिया दिने सम्बन्धी कार्य गर्ने,
- महालेखा नियन्त्रक कार्यालयको निर्देशन कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।

### (ग) कानुन तथा फैसला कार्यान्वयन इकाई

- महानिर्देशक, उप—महानिर्देशक र सङ्घीय शहरी विकास तथा भवन निर्माण कार्यालय वा आयोजनाहरूबाट कानुनी राय माग भएको विषयमा कानुनी राय परामर्श उपलब्ध गराउने सम्बन्धी कार्य गर्ने,
- विभाग र अन्तर्गतका कार्यालयहरूमा परेका विवाद निरूपण सम्बन्धी विषयमा लिखित जवाफ तथा पुनरावेदन पत्र तयार गरी सम्बन्धित निकायमा दर्ता गराउने सम्बन्धी कार्य गर्ने,
- महानिर्देशक, उप—महानिर्देशक र सङ्घीय आयोजना कार्यान्वयन निर्देशनालय वा आयोजनाहरूको कानुन सम्बन्धी विषयमा विभागको तर्फबाट न्यायिक, अर्ध न्यायिक विषयमा विभागको तर्फबाट प्रतिनिधित्व गर्ने सम्बन्धी कार्य गर्ने,
- तोकिएको थप कार्यहरू सम्बन्धी कार्य गर्ने ।

आवास महाशाखा अन्तर्गतका चार वटा शाखाहरूबाट सम्पादन हुने कार्यहरू देहाय बमोजिम छन् ।

### (क) आवास शाखा

- प्रदेश र स्थानीय तहमा लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक तथा लक्षित आवासको नीति, मापदण्ड र नियमन सम्बन्धी,
- आवास नीति अनुसार आवास योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी,
- आवास आपूर्ति र वातावरण बिच सामञ्जस्य कायम गर्न नीति, कानुन तथा मापदण्ड सम्बन्धी,
- राष्ट्रिय महत्वका आयोजनाबाट विस्थापितको लागि पुनर्वास योजना कार्यान्वयन सम्बन्धी,
- कर्मचारी आवासको नीति, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी,
- विशिष्ट पदाधिकारीहरूको सरकारी आवासको नीति, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, रक्षा मन्त्रालय र कारागार सम्बन्धी भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

### (ख) संयुक्त तथा बहुतले भवन नियमन शाखा

- संयुक्त र बहुतले आवास भवन निर्माण ऐन÷नियममा समयानुकूल अद्यावधिक गर्न सिफारिस सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माणमा देखा परेका समस्याहरू पहिचान गरी समाधानका लागि कार्यविधि÷निर्देशिका तयार गरी स्वीकृति सम्बन्धी,
- संयुक्त र बहुतले आवास भवन निर्माण प्रविधिको अध्ययन, अनुसन्धान र विकास सम्बन्धी,
- संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन २०५४ मा तोकिएका कार्य सम्बन्धी ।
- देशका अन्य जिल्लामा निर्माण हुने बहुतल्ले भवनहरूको डिजाइन स्वीकृति, सञ्चालन अनुमति तथा नियमन कार्यका लागि एकरूपता कायम गर्न सङ्घीय शहरी विकास तथा भवन निर्माण कार्यालयलाई सहयोग एवं सहजीकरण गर्नेछ ।
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

### (ग) योजना, अनुगमन तथा विकास सहायता शाखा

- विभागका लागि अल्पकालीन तथा दीर्घकालीन योजनाहरूको तर्जुमा सम्बन्धी,
- विभाग र अन्तरगतका निकायबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमहरूको तर्जुमा गरी स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि सम्बद्ध निकायहरूमा पठाउने ।
- आयोजना र कार्यक्रमहरूको आवधिक प्रगति विवरणहरू प्राप्त गरी प्रतिवेदन तयार गर्ने
- आयोजना चक्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्ने,
- वैदेशिक सहयोगका आयोजना तर्फका कार्यक्रम समन्वय गर्ने,
- बहुवर्षीय खरिद गुरुयोजना तयार गरी स्वीकृतिको लागि पेश गर्ने,
- बहुवर्षीय खरिद गुरुयोजनाको खर्च सम्बन्धी अभिलेख राख्ने,
- विभाग र अन्तर्गतका आयोजनाहरू र कार्यक्रमहरूको नियमित रूपमा अनुगमन तथा निरीक्षण गर्ने,
- अनुगमन तथा निरीक्षण प्रतिवेदनका आधारमा प्रगति विवरण तयार गरी महाशाखा प्रमुख तथा विभागीय प्रमुख समक्ष पेश गर्ने,
- कार्यक्रम अनुगमन निरीक्षणको लागि कर्मचारी खटाउन सिफारिस गराउने,
- प्रगति प्रतिवेदनको सुझावलाई अभिलेखीकरण गरी वेभ साइटमा प्रकाशन गर्ने,
- कार्यक्रम अनुगमन निरीक्षणको लागि कर्मचारी खटाउन सिफारिस गराउने सम्बन्धी,
- अनुगमन तथा निरीक्षण प्रतिवेदनका आधारमा प्रगति विवरण तयार गरी महाशाखा प्रमुख तथा विभागीय प्रमुख समक्ष पेश गर्ने सम्बन्धी,

### (घ) खरिद, विवाद व्यवस्थापन तथा अभिलेख शाखा

- विभागको सार्वजनिक खरिद गर्ने,
- वार्षिक खरिद योजना तयार गरी स्वीकृतिको लागि पेश गर्ने,
- खरिद शाखा प्रमुखको रूपमा सार्वजनिक खरिद ऐन÷नियमावलीले तोकेका कार्यहरू सम्बन्धी,
- विभागको विद्युतीय खरिद सम्बन्धी कार्य गर्ने,
- विभागको वेभ साइट सञ्चालन गर्ने,
- महानिर्देशक, उप—महानिर्देशक र संघीय आयोजना कार्यान्वयन निर्देशनालय वा आयोजनाहरूबाट खरिद विवाद सम्बन्धी राय माग भएको विषयमा राय परामर्श उपलब्ध गराउने,

- सार्वजनिक खरिद ऐन, नियमावली एवं सम्बन्धित दातृ निकायको निर्देशिका बमोजिम खरिद सम्झौता भई खरिद सम्झौताको कार्यान्वयनको सिलसिलामा उत्पन्न दाबी विवाद सम्बन्धी,
- खरिद सम्झौता कार्यान्वयन बखत Claim Dispute उत्पन्न हुन नदिन प्रचलित ऐन कानुन बमोजिम आवश्यक कार्य गर्ने,
- खरिद सम्झौताको कार्यान्वयनको सिलसिलामा उत्पन्न Claim Dispute विभागीय स्तरमा समाधान गर्ने,
- खरिद विवाद व्यवस्थापन सम्बन्धमा आवश्यकता अनुसार कानुन इकाईसँग समन्वय गर्ने ।
- तोकिएको थप कार्यहरू सम्बन्धी ।

शहरी विकास महाशाखा अन्तर्गतका चार वटा शाखाहरूबाट सम्पादन हुने कार्यहरू देहाय बमोजिमका छन् ।

**(क) भौतिक योजना शाखाः**

- संघ, प्रदेश र स्थानीय तहको भौतिक विकास तथा शहरी विकासको समन्वय सम्बन्धी,
- शहरी आर्थिक कोरिडोरको भौतिक विकास योजना तर्जुमा सम्बन्धी,
- राष्ट्रिय महत्वको भौतिक विकास योजना तर्जुमा निर्देशिका सम्बन्धी,
- भौतिक विकासमा प्रदेश र स्थानीय तहसँगको सम्पर्क,
- प्लानिङ नर्म्स तथा स्टेण्डर्स अद्यावधिक, वितरण र नियमन सम्बन्धी,
- सम्भाव्यता अध्ययन÷विस्तृत आयोजना प्रतिवेदनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई मूल प्रवाहीकरण सम्बन्धी,
- शहरी विकास सम्बन्धी कार्यका लागि नीति तर्जुमा तथा कार्यान्वयन अवस्थाको अनुगमन सम्बन्धी,
- राष्ट्रिय शहरी नीतिको कार्यान्वयन अवस्था पुनरावलोकन, आवधिक परिमार्जन तथा संशोधन सम्बन्धी,
- शहरी क्षेत्रको व्यावसायिक योजना सम्बन्धी,
- शहरी विकाससँग सम्बद्ध निर्देशिका सम्बन्धी,
- नगर विकास समितिहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धी,
- नगर विकास समिति सम्बन्धी ऐन नियमको आवधिक परिमार्जन र संशोधन सम्बन्धी,
- भौतिक योजना तर्जुमा कार्यान्वयनसँग सम्बन्धित ऐन, नियम, निर्देशिकाहरूको मस्यौदा सम्बन्धी,

**)ख( दिगो विकास तथा वातावरण शाखाः**

- शहरी वातावरण सुधार र संरक्षणका कार्यक्रमहरू तर्जुमा सम्बन्धी,
- शहरी वातावरण सूचकहरूको तथ्याङ्क सम्बन्धी,
- शहरी वातावरण निर्देशिका अद्यावधिक सम्बन्धमा,
- शहरी वातावरण र जलवायु परिवर्तन सम्बन्धी नीति तर्जुमा, मापदण्ड तथा कार्यान्वयनको लागि सम्पर्क शाखा,
- प्रदेश र स्थानीय तहको सहकार्यमा स्वच्छ शहरी वातावरण कायम गर्न कार्यक्रमहरू सञ्चालन र समन्वय सम्बन्धी,
- शहरी क्षेत्रमा जलवायु परिवर्तन बारे अध्ययन विश्लेषण गरी जलवायु परिवर्तन अनुकूलन हुने गरी शहरी पूर्वाधार निर्माण गर्न निर्देशिका र कार्यविधि तर्जुमा सम्बन्धी,
- विभाग र अन्तर्गतका योजना तथा कार्यक्रमहरूमा सामाजिक विकास, लैङ्गिक सवाल जस्ता पक्षहरू सम्बोधनका लागि आवश्यक कार्य गर्ने ।
- वन मन्त्रालय र राष्ट्रिय योजना आयोग अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।
- दिगो विकास लक्ष्य अनुसार कार्ययोजना तयार गरी नेपालले हासिल गरेको प्रगति अनुगमन तथा समीक्षा गर्ने ।

- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरू

**)ग( भूतथ्याङ्क तथा सूचना प्रविधि शाखा—**

- शहरी क्षेत्रको तथ्याङ्क, डिजिटल आधार नक्सा र अर्बन म्याप तथा सूचना अद्यावधिक सम्बन्धी,
- प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी शहरी क्षेत्रको भूसूचना प्रणाली विकास गर्ने र सूचना आदान प्रदान — सम्बन्धी,
- शहरी भूसूचना प्रणाली विकास गर्न आवश्यक नीति तर्जुमा र का—र्यान्वयन सम्बन्धी,
- भूसूचना सम्बन्धी कार्यमा विभागको सम्पर्क शाखा—,
- विभागीय कार्यक्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरू सङ्ग्रह तथा प्रकाशन गर्ने,
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरू,
- पुस्तकालय सम्बन्धी अन्य कार्य गर्ने ।

**)घ( शहरी पूर्वाधार विकास शाखा**

- महानगर, उपमहानगर र नगरपालिकाहरूबाट गरिने शहरी योजना र विकास सम्बन्धी कार्यहरूको मापदण्डमा एकरूपता सम्बन्धी,
- शहरी पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड तर्जुमा गर्ने र अनुगमन मूल्याङ्कन सम्बन्धी,
- संघीय महत्वका राष्ट्रिय शहरी पूर्वाधारहरूको आवश्यकताको पहिचान र कार्यान्वयन सम्बन्धी,
- विशिष्ट शहरी संरचनाहरूको पहिचान, मापदण्ड तर्जुमा र कार्यक्रम कार्यान्वयन सम्बन्धी,
- राष्ट्रिय शहरी विकास रणनीति बमोजिम नगरपालिकाहरूको शहरी प्रणालीको अध्ययन गर्ने र शहरी पूर्वाधार अवस्था सूचक )Urban Infrastructure Condition Index) अद्यावधिक सम्बन्धी,
- महानिर्देशक र उपमहानिर्देशकबाट तोकिएका अन्य कार्यहरू ।

भवन महाशाखा अन्तर्गतका चार वटा शाखाहरूबाट सम्पादन हुने कार्यहरू देहाय बमोजिमका छन् ।

**(क) भवन डिजाइन तथा सर्भिसेज शाखा**

- भवन ऐन २०५५ बमोजिम क वर्गको विकसित मुलुकमा अपनाइएका भवन संहिताको अनुसरण गरी International State of Art मा आधारित हुने गरी बनाइने अत्याधुनिक भवनहरू निर्माण सम्बन्धी,
- सरकारी तथा सार्वजनिक भवनहरूको प्रबलीकरण गर्ने कार्य,
- विशेष प्रकृतिका पुरातात्त्विक संरचनाहरूको प्रबलीकरण गर्ने, यस सम्बन्धी आवश्यक प्राविधिक सहयोग गर्ने,
- ठुला ठुला पुरातात्त्विक संरचनाहरूको भविष्यमा हुन सक्ने प्रकोपबाट हुने क्षति न्यूनीकरणको लागि प्रबलीकरणको कार्य तथा क्षति पश्चात्को पुनर्निर्माणका लागि स्ट्रक्चरल Analysis/Design सँग सम्बन्धित आवश्यक कार्य गर्ने,
- काठमाडौं, ललितपुर र भक्तपुरका अन्य संघीय सरकारी कार्यालयको बजेटबाट निर्माण हुने भवनमा प्राविधिक सहयोग तथा समन्वय गर्ने ।
- सरकारी कार्यालय भवन निर्माण स्थल छनौट, आर्किटेक्चरल तथा इन्जिनियरिङ डिजाइन एवं ड्रइङ सम्बन्धी,
- भवन निर्माण कार्यको गुरुयोजना तयार तथा Geo-Technical Investigation सम्बन्धी,
- भवनका नमुना डिजाइनहरू सम्बन्धी,
- अन्य सरकारी निकायहरूबाट अनुरोध भएमा डिजाइन ड्रइङहरूको पुनरावलोकन (Review) सम्बन्धी,

- अन्य सरकारी निकाय, प्रदेश र स्थानीय तहबाट अनुरोध भएमा कुनै विशेष भवन संरचनाको डिजाइन ड्रइङ तयार गर्ने सम्बन्धी,
- संघीय सरकारका भवन संरचनाहरूको आवश्यकता अनुसार अवलोकन मूल्याङ्कन सम्बन्धी,
- राष्ट्रिय महत्वका संरचनाहरूका डिजाइन गर्ने,
- भवन डिजाइन तथा निर्माण गर्दा अपाङ्गमैत्री तथा समावेशीकरणको विषय सम्बोधन सम्बन्धी,
- सरकारी भवनहरूको मेकानिकल सम्बन्धी कार्यहरूको ड्रइङ, डिजाइन, लागत अनुमान तयार÷चेक गर्ने कार्य ।
- अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र संवैधानिक निकाय तथा अन्य र अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

**(ख) मर्मत, मूल्याङ्कन तथा मापदण्ड शाखा**

- नेपाल सरकार अन्तर्गतका विभिन्न निकायबाट मूल्याङ्कनका लागि माग भए अनुरूप भवनको मूल्याङ्कन सम्बन्धी,
- सरकारी संघीय भवनहरूको लगत राखी मर्मत सुधार गर्ने सम्बन्धी,
- भवन मर्मत कार्यको लागि बजेट तर्जुमा र मातहत कार्यालयमा विनियोजित बजेट वितरणको व्यवस्था मिलाई मर्मतको लागि प्राथमिकता सूची निर्धारण सम्बन्धी,
- लिफ्ट, HVAC System लगायतको खरिद कार्यका लागि Standard Specification तयार गर्ने ।
- लिफ्ट, HVAC System लगायतको मर्मत योजना तयार गरी स्वीकृतिको लागि पेश गर्ने ।
- सरकारी भवनहरूको इलेक्ट्रिकल सम्बन्धी ड्रइङ, डिजाइन तयार गर्ने, ल । ई । तयार÷चेक जाँच ।
- विद्युतीय कार्यहरूको नियमित Supervision गरी Drawing, Design तथा Specification अनुसार गुणस्तर कायम गरी Time line monitoring कार्य ।
- सरकारी भवनहरूको स्यानिटरी सम्बन्धी लगायत कार्य चेक गरी पेश गर्ने ।
- खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

**(ग) भवन संहिता शाखा**

- राष्ट्रिय भवन निर्माण संहिता कार्यान्वयन गर्ने सम्बन्धी,
- अस्पताल, विद्यालय, व्यावसायिक भवन जस्ता सार्वजनिक तथा निजी संरचनाहरूको डिजाइन राष्ट्रिय भवन संहिता अनुरूप रहे नरहेको जाँच गरी स्वीकृतिका लागि सिफारिस गर्ने,
- भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि प्रवर्द्धनात्मक कार्य, कालिगढ तालिम गर्ने,
- भूकम्प प्रतिरोधात्मक भवन निर्माणका लागि यस सँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गर्ने र त्यस्ता कार्यहरूको नियमन अनुगमन गर्ने,
- भवन निर्माण सामाग्री प्रयोगशालाबाट निर्माण सामाग्रीहरूको गुणस्तरको परीक्षण गर्दै प्राप्त नतिजाको आधारमा उपयुक्त निर्माण सामग्रीको प्रवर्द्धन गर्ने,
- नेपाल सरकारबाट स्वीकृत भएको भवन निर्माण संहिता को कार्यान्वयनको अवस्था को निरन्तर अनुगमन गर्ने सम्बन्धी
- कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

**(घ) स्वास्थ्य भवन शाखा**

- संघीय सरकारबाट निर्माण गर्नुपर्ने विभिन्न स्तरका स्वास्थ्य सम्बन्धी भवनहरूको कार्यक्रम तर्जुमा र बजेट व्यवस्थापनको लागि स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्ने सम्बन्धी,
- निर्माणाधीन स्वास्थ्य संस्थाहरूको ठेक्का व्यवस्थापनमा मातहतका कार्यालयहरूलाई निर्देशित गर्ने सम्बन्धी,
- विभिन्न स्तरका स्वास्थ्य सम्बन्धी भवनहरूको निर्माणको सन्दर्भमा विभाग अन्तर्गतका कार्यालयहरूलाई निर्देशन दिने र सम्भावित कार्यको अनुगमन निरीक्षण सम्बन्धी,
- स्वास्थ्य भवन निर्माणका लागि संघीय स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागसँग समन्वय गर्ने ।
- विभिन्न स्तरका स्वास्थ्य भवन निर्माणका लागि नमुना डिजाइन, मापदण्ड, कार्यविधि र स्पेसिफिकेशन तयार पार्ने सम्बन्धी,
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विभिन्न भवनहरूको साइट सर्वेक्षण तथा सम्पूर्ण इन्जिनियरिङ डिजाइन तयारी एवं पुनरावलोकन सम्बन्धी ।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

पुनर्निर्माण महाशाखा अन्तर्गतका चार वटा शाखाहरूबाट सम्पादन हुने कार्यहरू देहाय बमोजिमका छन् ।

**(क) सम्पदा तथा विशिष्टिकृत संरचना निर्माण शाखाः**

विभिन्न समयमा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्य र मन्त्रिपरिषद् बाट निर्णय भई शहरी विकास मन्त्रालय र मातहतबाट कार्यान्वयन हुने गरी विभागलाई प्राप्त हुने कार्यक्रमहरूका साथै तपसिलका कार्यक्रमहरू कार्यान्वयन गर्ने । पुराना सम्पदा, दरबार लगायतका संरचनाहरूको लगत राख्ने, अध्ययन एवं विकास गर्ने कार्य

- पुराना सम्पदा, दरबार लगायतका संरचनाहरूको जिर्णोद्वार, पुनर्निर्माण एवं संरक्षण सम्बन्धी कार्य
- काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्न नुवाकोट जिल्ला स्थित बन्चरेडाँडामा पूर्वाधार सहितको ल्याण्ड फिल्ड साइट
- सम्माननीय प्रधानमन्त्रीज्यूको नयाँ सरकारी निवास
- संघीय संसद् भवन निर्माण
- ५००० तथा ३००० जना क्षमता भएको स्थायी संरचनाको अन्तर्राष्ट्रिय सभाहल
- प्रदेश प्रमुख र मुख्यमन्त्री आवास सम्पर्क कार्यालयका लागि भवनहरू
- राजकीय अतिथि गृह (State Guest House)
- संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।
- निर्णय भए बमोजिम अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने

**(ख) सरकारी भवन तथा निजी आवास प्रबलीकरण शाखाः**

१. सरकारी भवनको लगत, अवस्था एवं प्रविधि अध्ययन गर्ने कार्य

२. सरकारी भवनको संरक्षण, संवर्द्धन, प्रबलीकरण सम्बन्धी कार्य गर्ने

३. भवन प्रबलीकरणको उपयुक्त विधिहरूको खोज, अनुसन्धान, मापदण्ड एवं निर्देशिकाहरूको तर्जुमा गर्ने कार्य

४. नेपाल अधिराज्य भित्र बन्ने निजी आवासका भवनहरूको निर्माण विधि, प्रविधि, अवस्था आदिको लगत राख्ने कार्य

५. निजी आवासको संरक्षण, संवर्द्धन एवं प्रबलीकरण सम्बन्धी कार्य

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका भवन तथा संरचना निर्माणका लागि सम्पर्क शाखाका रूपमा रही आवश्यक कार्य गर्ने ।

**(ग) विपद् व्यवस्थापन र सेल्टर क्लष्टर शाखाः**

- प्राकृतिक प्रकोप एवं राष्ट्रिय महत्त्वका आयोजनाबाट विस्थापितको लागि एकीकृत बस्ती एवं पुनर्वास योजना कार्यान्वयन सम्बन्धी कार्य
- विपद्को समयमा Shelter Cluster Lead गर्ने
- विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप पुनः स्थापना कार्य अन्तर्गत विपद् व्यवस्थापन तथा प्रकृति प्रकोपबाट क्षति भएका सार्वजनिक संरचना र विस्थापित परिवारहरूलाई पुनः स्थापना गर्न आवासहरूको मर्मत निर्माण गर्ने र सो का लागि आवश्यक जग्गा तथा पूर्वाधार विकास गर्ने
- छरिएर रहेका बस्तीहरूको एकीकृत बस्ती विकास सम्बन्धी,
- प्रकोप जोखिममा रहेका बस्तीहरूको स्थानान्तरण सम्बन्धी,
- विस्थापित बस्तीहरूको विकास गर्ने मापदण्ड सम्बन्धी,
- प्राकृतिक विपद्को व्यवस्थापन कार्यमा विभागको फोकल शाखा भई कार्य गर्ने

**(ग) गुणस्तर परीक्षण शाखाः**

- विभाग मातहतका कार्यालयबाट भएका निर्माण कार्यहरूको गुणस्तर परीक्षण सम्बन्धमा आवश्यक प्राविधिक सहयोग, समन्वय गर्ने
- विभागमा रहेको गुणस्तर परीक्षण प्रयोगशालालाई सञ्चालन गरी तहाँका कार्यहरूलाई अभिलेखीकरण गर्ने एवं समय(समयमा प्रकाशन गर्ने
- गुणस्तर सुधारका लागि आवश्यक मापदण्ड, परीक्षण विधि सम्बन्धी निर्देशिकाहरूको विकास गर्ने
- विभाग र मातहतबाट हुने कार्यहरूको विवरण प्राप्त गरी मासिक, अर्धवार्षिक, वार्षिक Newsletter हरू प्रकाशन गर्ने कार्य

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

# सेवा प्रवाह निर्देशिका

प्रवक्ता:- आवास महाशाखा प्रमुख

| सि.नं. | सेवाको विवरण | आवश्यक कागजात | लाग्ने दस्तुर | कार्य फछ्यौटगर्न लाग्ने समय अवधि | जिम्मेवार पदाधिकारी र शाखा,महाशाखा | गुनासो सुन्ने अधिकारी | सेवा प्राप्त गर्ने ब्लक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुस्तक तथा प्रकासन विक्री वितरण:<br>(भवन निर्माण निर्देशिका<br>-Building Code Set<br>-Buillding Code CD<br>-काठमाडौ भ्यालि प्लान | खरिद ईकाइमा दस्तुर वुझाएको रसिद | रु.१००।<br>रु.७५०।<br>रु.१५०।<br>रु.५००। | रसिद पेश गर्ना साथ | ना.सु., स्टोर फांट | उ.म.नि.भवन महाशाखा | दक्षिणकाली भवन<br>B7 | |
| २ | नगरपालिकाहरुको Digital BaseMap/Urban Map विक्री वितरण | सम्बन्धित संस्था/निकायको पत्र सहित खरिद ईकाइमा दस्तुर वुझाएको रसिद | विभागीय निर्णय वमोजिम | " | शाखा प्रमुख<br>तथ्याङ्क तथा भु-सूचना शाखा | उ.म.नि.शहरी विकास महाशाखा | शहरी विकास महाशाखा<br>B4 | |
| ३ | दरभाउपत्रको फाराम विक्री | सुचनामा माग भएअनुसार | रु.३००। | - | इकाइ प्रमुख, खरिद इकाई | उ.म.नि.भवन महाशाखा | " | |
| | दरभाउपत्र दाखिला,मुल्यांड्न, स्वीकृत | दरभाउपत्रमा माग भएअनुसार | - | दरभाउपत्र खोलेको मितिले १५ दिन भित्र | " | " | " | |
| | वोलपत्र फाराम विक्री | सूचनामा उल्लेख भएअनुसार | रु.१००० देखि<br>रु.१००००सम्म<br>इस्टिमेटअनुसार | - | " | " | | |
| | वोलपत्र दाखिला, मुल्यांकन, स्विकृत | " | - | कार्य सुरु गरेको १५ दिन भीत्र | " | " | " | |
| ४ | धरौटी फिर्ता गर्ने | मु.अ.कर समायोजन र करचुक्ता प्रमाणपत्र तथा सम्बन्धित महाशाखा अन्तर्गतको शाखावाट काम समाप्त भएको, त्रुटि सच्याउन पर्ने नपर्ने आदि व्यहोरा सहित सिफारिस साथ निवेदन प्राप्त भएपछि | नलाग्ने | सिफारिस भएको मितिले ७ दिन भित्र | प्रमुख लेखा नियन्त्रक<br>आर्थिक प्रशासन शाखा | उ.म.नि.शहरी विकास | विभागीय प्रमुख भवन<br>मेन ब्लक | |
| | भुक्तानि विवरण दिने | निवेदन | नलाग्ने | ७ दिन भित्र | " | " | " | |
| ५ | योजना छनौट, सिफारिस वा जानकारी | सम्बन्धित डि.का.वा मन्त्रालयको सिफारिस सहित तोकिए वमोजिमको ढांचाको निवेदन फाराम | नलाग्ने | समय तोक्न नसकिने | शाखा प्रमुख,<br>योजनाशाखा | उ.म.नि.आवास महाशाखा | आवास महाशाखा भवन<br>B2 | |
| ६ | नगरविकास सम्बन्धि कामहरु:<br>नगर विकास समिति.गठनका लागि आवश्यक शर्त पुरा भए नभएको जांच गरी पेश गर्ने | चारकिल्ला प्रष्ट भएको टोपो/नापीनक्शा, जनसंख्या,जनघनत्व,पूर्वाधार, स्थानिय निकायको सिफारिस | नलाग्ने | १ महिना भित्र | शाखा प्रमुख,<br>भौतिक योजना तथा शहरी विकास शाखा | उ.म.नि.शहरी विकास महाशाखा | .शहरी विकास महाशाखा<br>B4 | |
| | नगर योजना स्विकृती वा परिमार्जनका लागि नेपाल सरकारमा सिफारिस गर्ने | नगर विकास समितिको पत्र | नलाग्ने | १५ दिन भित्र | " | " | " | |
| | नगर विकास समितिलाई परामर्श दिने | - | नलाग्ने | ३ दिन भित्र | " | " | " | |
| | भौतिक/आवधिक योजना तयारी गर्ने, आवश्यक श्रोत जुटाउने | सम्बन्धित न.पा.को पत्र | नलाग्ने | ३ दिन भित्र जवाफ दिने | " | " | " | |
| ७ | विभाग सम्बन्धि सूचना प्राप्त गर्ने | निवेदन | नियमानुसार | - | शाखा प्रमुख<br>योजना शाखा,सूचना अधिकारी | उ.म.नि.आवास महाशाखा | आवास महाशाखा भवन<br>B2 | |
| ८ | आवास सम्बन्धि कार्य | | नलाग्ने | ३ दिन भित्र | उ.म.नि.आवास महाशाखा | महानिर्देशक | " | |
| ९ | भवन सम्बन्धि कार्य | | नलाग्ने | | उ.म.नि.भवन महाशाखा | " | B3 | |
| १० | शहरी विकास सम्बन्धि कार्य | | नलाग्ने | " | उ.म.नि.शहरी विकास महाशाखा | " | B1 | |

## शहरी विकास तथा भवन निर्माण विभागको कार्यक्षेत्र सँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरु

### नीतिहरुः

१. राष्ट्रिय शहरी नीति, २०६४
२. राष्ट्रिय आवास नीति, २०६८
३. राष्ट्रिय भूउपयोग नीति

### ऐनहरुः

४. आवासको अधिकार सम्बन्धी ऐन २०७५
५. जग्गा प्राप्ति ऐन, २०३४
६. नगर विकास ऐन, २०४५
७. संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४
८. भवन ऐन २०५५
९.पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३

### नियमावलीहरुः

१०.संयुक्त आवासको स्वामित्व सम्बन्धी नियमावली, २०६०
११.भवन नियमावली, २०६१
१२.जग्गा विकास चक्रकोष विनियमावली, २०६१

### मापदण्डहरुः

१३. राष्ट्रिय भवन संहिता, २०६० (परिमार्जित खण्ड समेत)
१४. संयुक्त आवास, सामूहिक र योजनाबद्ध आवास सम्बन्धी मापदण्ड
१५. निर्माण आचार संहिता, २०७०
१६. सरकारी पदाधिकारी तथा कर्मचारीहरुको कार्यकक्षको मापदण्ड, २०७०
१७. बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२
१८. नेपाल शहरी सडक मापदण्ड, २०७६

### कार्यविधिहरुः

१९. राष्ट्रिय भवन संहिता कार्यान्वयन कार्यविधि, २०६०
२१. भवनको लागत मूल्यांकन कार्यविधि, २०७०
२२. संयुक्त आवास भवन निर्माण स्वीकृति तथा अनुगमन कार्यविधि, २०७०
२३. शहरी गरिब तथा न्यून आय वर्गका परिवारहरुको लागि व्यवस्थित बसोबास कार्यक्रम सञ्चालन कार्यविधि, २०७०
२४. जनता आवास कार्यक्रम कार्यान्वयन नमूना कार्यविधि, २०७५
२५. विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१
२६. निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य सम्पादन नगरेमा ठेक्का तोडी कालोसूचीमा राख्ने र वैकल्पिक उपायबाट कार्य सम्पन्न गराउने विभागीय कार्यविधि, २०७१
२७. जग्गा एकीकरण आयोजना संचालन कार्यविधि, २०६१ (संशोधन २०७२)
२८. २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका बाँके, बर्दिया, दाङ्ग, सुर्खेत र सिन्धुपाल्चोक जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७३
२९. जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि २०७५
३०. सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि (पहिलो संशोधन सहित)२०७५
३१. सार्वजनिक निर्माणमा कन्टिन्जेन्सी तथा परामर्श सेवामा कार्यालय व्यवस्थापन खर्चलाई व्यवस्थित गर्ने कार्यविधि, २०७७

## निर्देशिकाहरुः

३२. सरकारी भवन मर्मत सम्भार निर्देशिका, २०५८
३३. नगर विकास निर्देशिका, २०६१
३४. निर्माण कार्य व्यवस्थापन दिग्दर्शन, २०६३
३५. भवन मर्मत तथा सम्भार निर्देशिका, २०६४
३६. भवनमा वर्षातको पानी संकलन सम्बन्धी निर्देशिका २०६६
३६. वर्षातको पानी संकलन सहयोगी पुस्तक तथा निर्देशिका, २०६६
३७. शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७
३८. भूकम्प सुरक्षात्मक आवासीय भवन निर्माणको लागि सचित्र निर्देशिका, २०६७ (राष्ट्रिय भवन संहिता २०६० मा आधारित)
३९. भूकम्प प्रतिरोधी भवन निर्माण निर्देशिका, २०६८ (ईंटा वा ढुङ्गाको गारोबाट बन्ने दुई तले तल्ला र बुइगल सम्मका भवनहरुको लागि मात्र)
४०. भूकम्प प्रतिरोधी भवन निर्माण विषयक कालिगढ तालिम निर्देशिका, २०६८ (नेपाली/अंग्रेजी Version)
४१. निर्माण कार्य व्यवस्थापन निर्देशिका, २०६८
४२. अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
४३. सार्वजनिक भवनहरुमा प्रयोग हुने रङ्ग सम्बन्धी निर्देशिका, २०६९

## अन्य

४४. राष्ट्रिय आवास योजना, २०७१
४५. व्यावसायिक योजना, २०७१ (अंग्रेजी र नेपाली दुवैमा)
४६. डिजाइन सूचीः भूकम्प प्रतिरोधी आवास पुनःनिर्माण भाग १, २०७२ र भाग २, २०७६
४७. जग्गा एकीकरण (के, किन, कहाँ र कसरी) ?
४८. शहरी डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३
४९.. ग्रामीण डकर्मीहरुका लागि नेपाली भूकम्प प्रतिरोधी भवन निर्माण प्रविधि तालिम पाठ्यक्रम, २०७३

## अंग्रेजीमा

५०. Seismic vulnerability evaluation on guideline for private & public buildings, 2011
५१. Recovery principles & guidelines, 2011
५२. Engineer's training on earthquake resistant design of building volume II: computer aided design, 2011
५३. Engineer's training on earthquake resistant design of building volume I: seismicity and design aspects, 2011
५४. Documentation of indigenous knowledge and technologies for safer buildings, 2011
५५. Guideline for mason training on earthquake resistant construction of buildings, 2011
५६. Specification of building construction (Civil) works, 2069, 2071 (Second Edition)
५७. Design catalogue for reconstruction of earthquake resistant houses vol. I, 2015 (2072)
५८. Planning Norms & standard, 2015
५९. Design catalogue for reconstruction of earthquake resistant houses vol. II, 2073
६०. Design catalogue for reconstruction of earthquake resistant houses (Nepali version)
६१. Seismic retrofitting guidelines of buildings in Nepal (RCC), 2016
६२. Seismic retrofitting guidelines of buildings in Nepal (Masonry), 2016
६३. Seismic retrofitting guidelines of buildings in Nepal (ADOBE), 2016
६४. Training Manual on Nepal National Building code (NNBC)

**विभाग अन्तर्गतका** संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, र **सघन शहरी तथा भवन निर्माण आयोजनाहरु र यसका कार्यक्षेत्र**


| सि.नं. | FUDBC/PUDBC को नाम | कार्यक्षेत्र- जिल्ला |
|---|---|---|
| १ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, मोरङ्ग | मोरङ्ग, सुनसरी |
| २ | सघन शहरी तथा भवन निर्माण आयोजना, झापा | झापा, इलाम, |
| ३ | सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा | धनुकटा, , संखुवासभा, भोजपुर |
| ४ | सघन शहरी तथा भवन निर्माण आयोजना, पाँचथर | पाँचथर, ताप्लेजङ्ग, तेह्रथुम |
| ५ | सघन शहरी तथा भवन निर्माण आयोजना, ओखलढुंगा | ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ्ग |
| ६ | सघन शहरी तथा भवन निर्माण आयोजना, सप्तरी | सप्तरी, सिरहा, उदयपुर |
| ७ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, धनुषा | धनुषा, महोत्तरी, सर्लाही |
| ८ | सघन शहरी तथा भवन निर्माण आयोजना, पर्सा | पर्सा, रौतहट र बारा |
| ९ | सघन शहरी तथा भवन निर्माण आयोजना, रामेछाप | सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, दोलखा |
| १० | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रे |
| ११ | सघन शहरी तथा भवन निर्माण आयोजना, धादिङ्ग | नुवाकोट, रसुवा, धादिङ्ग |
| १२ | सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन | मकवानपुर, चितवन, नवलपुर |
| १३ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की | कास्की , स्याङ्जा, तनहुँ |
| १४ | सघन शहरी तथा भवन निर्माण आयोजना, गोरखा | गोरखा, तनहुँ, लम्जुङ, मनाङ |
| १५ | सघन शहरी तथा भवन निर्माण आयोजना, बाग्लुङ | वाग्लुङ, म्याग्दी, मुस्ताङ पर्वत |
| १६ | सघन शहरी तथा भवन निर्माण आयोजना, रुपन्देही | रुपन्देही, कपिलवस्तु, नवलपरासी |
| १७ | सघन शहरी तथा भवन निर्माण आयोजना, पाल्पा | अर्घाखाँची पाल्पा, गुल्मी |
| १८ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, दाङ्ग | दाङ्ग, प्यूठान, रोल्पा, रुकमु पूर्व |
| १९ | सघन शहरी तथा भवन निर्माण आयोजना, बाँके | बर्दिया, बाँके, |
| २० | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, सुर्खेत | सुर्खेत, दैलेख, सल्यान, |
| २१ | सघन शहरी तथा भवन निर्माण आयोजना, जुम्ला | जुम्ला, कालिकोट, मुगु, हुम्ला र डोल्पा |
| २२ | संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा |
| २३ | सघन शहरी तथा भवन निर्माण आयोजना, डोटी | डोटी, अछाम, बाजुरा, |
| २४ | सघन शहरी तथा भवन निर्माण आयोजना, जाजरकोट | जाजरकोट, रुकुम पश्चिम |
| २५ | सघन शहरी तथा भवन निर्माण आयोजना, बैतडी | बैतडी, दार्चुला, बझाङ्ग |

**विभाग अन्तर्गतका कार्यालय/आयोजनाहरु/** संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय **/ सघन शहरी तथा भवन निर्माण आयोजना**

**<u>कार्यालय/आयोजनाहरु</u>**

- विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय, बबरमहल ।
- नयाँ शहर आयोजना, बबरमहल, काठमाडौं ।
- क्षेत्रीय शहरी विकास आयोजना, बबरमहल, काठमाडौं।
- नेपाल शहरी शासकीय क्षमता तथा पूर्वाधार आयोजना, बबरमहल, काठमाडौं ।
- बन्चरे डाँडा स्यानीटरी ल्याण्डफिल साइट निर्माण आयोजना, बबरमहल, काठमाडौं ।
- वुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन इकाई, वुटवल।
- केन्द्रीय आयोजना कार्यन्वयन ईकाई (भवन तथा आवास)
- शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना
- शहरी करिडोर आयोजना

# आ.व. २०८२/८३ को असार महिनासम्मको खर्चको विवरण




| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम | बजेट रु लाखमा | खर्च रु लाखमा | खर्च % |
|---|---|---|---|---|---|
| १ | ३४७०१०११ | शहरी विकास तथा भवन निर्माण बिभाग | ४१०४७.६५ | १४६९४.३९ | ३५.८०% |
| २ | ३४७०१०१३ | संघिय सहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ५१११.९६ | ४१०३.५६ | ८०.२७% |
| ३ | ३४७०११०१ | आवास व्यवस्था कार्यक्रम | ३६८४.८६ | १४४५.२७ | ३९.२२% |
| ४ | ३४७०११०२ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ४६४.९० | ११४.५० | २४.६३% |
| ५ | ३४७०११०३ | सघन शहरी विकास कार्यक्रम | ६०९८०.७५ | ३०३६७.९८ | ४९.८०% |
| ६ | ३४७०११०५ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ३८०४८.१४ | २४७५२.६४ | ६५.०६% |
| ७ | ३४७०११०७ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ६९५.९० | १०३.१६ | १४.८२% |
| ८ | ३४७०११०८ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ३११४.०५ | ५७६.५३ | १८.५१% |
| ९ | ३४७०१११० | नयाँ सहर आयोजना | ११२१४.७५ | ६०३५.१८ | ५३.८१% |
| १० | ३४७०११११ | क्षेत्रीय शहरी विकास कार्यक्रम | १६३१५.६० | ५७२७.४५ | ३५.१०% |
| ११ | ३४७०१११४ | बस्ती विकास कार्यक्रम | १३७१८१.६८ | ५०३७५.७९ | ३६.७२% |
| १२ | ३४७०१११७ | विशेष भवन निर्माण आयोजना | ३७०१९.१२ | २३५६७.३८ | ६३.६६% |
| १३ | ३४७०१११८ | शहरी कोरिडोर आयोजना | ५४९.८८ | १२२.६३ | २२.३०% |
| १४ | ३४७०१११९ | शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना | १९९५.०० | ५२२.२६ | २६.१८% |
| १५ | ३४७०११२० | भानु साहित्य उद्यान (मूर्ति बाटिका-भानुभक्त भवन निर्माण) विकास आयोजना | ४००.०० | ३८.८९ | ९.७२% |
| जम्मा | | | ३५७८२४.२४ | १६२५४७.६१ | ४५.४३% |

## सूचना अधिकारीको नाम र पद

**सि.डि.ई. प्रभाकर लाल कर्ण**
शाखा प्रमुख
योजना तथा विकास सहायता शाखा
सिनियर डिभिजनल इन्जिनियर
Email Address :- officer.info100@gmail.com
Phone No:- ०१-५३१२८४०
Mobile No:-९८५१३१९७४८

## गुनासो सुन्ने अधिकारीको नाम र पद

निश्चल काफ्ले
योजना तथा विकास सहायता शाखा
इन्जिनियर
Mobile No:-९८५१४५६२००

## शहरी विकास तथा भवन निर्माण विभागको वेबसाइटः

अन्य सम्पूर्ण विवरण तथा सूचना यस शहरी विकास तथा भवन निर्माण विभागको तल दिइएको वेबसाइटबाट जानकारी लिन सकिने छ ।

**www.dudbc.gov.np**